# बुटवल पावर कम्पनी लि.
## प्रेस विज्ञप्ती

यस बुटवल पावर कम्पनी लिमिटेडको २४औं वार्षिक साधारण सभा आज मिति २०७३ पौष ८ (तद्नुसार डिसेम्वर २३, २०१६) का दिन कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको सभापतित्वमा सम्पन्न भयो ।

सो बार्षिक साधारण सभाले सञ्चालक समितिको प्रतिवेदन, आ.ब. २०७२।७३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरू, शेयरधनीहरूलाई आ.ब. २०७२।७३ को खुद मुनाफाबाट चुक्ता पूँजीको २० प्रतिशत नगद लाभांश वितरण गर्ने, कम्पनीको आ.ब. २०७२।७३ को खुद मुनाफा तथा सञ्चित कोषबाट चुक्ता पूँजीको ७% बोनस शेयर जारी गर्ने, आ.ब. २०७३।७४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने तथा कम्पनीले मिति २०७३।३।२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम नयाँ निष्काशन (फर्दर पब्लिक अफरिङ) का लागि धितोपत्र बोर्डले हालै तोकेको शर्तहरू तथा मापदण्ड अनुसारको वित्तिय योजना तथा रणनीतिहरू सम्बन्धी प्रस्तावहरू समेत पारित गरेको छ । साथै सभाले कम्पनीको जारी पूँजी समेत बृद्धि गर्ने विशेष प्रस्ताव पारित गरेको छ ।

यस कम्पनीले आ.व. २०७२।०७३ मा खुद मुनाफ रू. ५७ करोड ५९ लाख आर्जन गरी अघिल्लो वर्षको तुलनामा १९.९ प्रतिशतले बढी खुद मुनाफ गर्न सफल भयो । कम्पनीको आफ्नो प्रत्यक्ष स्वामित्वमा सञ्चालनमा रहेका १२ मेगावाट क्षमताको झिमरूक जलविद्युत केन्द्र, ९.४ मेगावाट क्षमताको आँधिखोला जलविद्युत केन्द्र रहेको छ । कम्पनीको आफ्नै वितरण प्रणाली रहेको छ र ग्राहकको संख्या ४८,५९९ पुगेको छ । कम्पनीले सहायक तथा सम्वद्ध कम्पनी मार्फत ६० मेगावाटको खिम्ती प्रथम जलविद्युत आयोजना र ४ मेगावाटको खुदी जलविद्युत आयोजनामा लगानी गरेको छ । ति आयोजनाहरू हाल संचालनमा रहेका छन् । त्यसैगरी कम्पनीले सहायक तथा सम्वद्ध कम्पनी मार्फत ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजना र ३० मेगावाटको न्यादी जलविद्युत आयोजना निर्माण गर्न गइरहेको छ र ति आयोजनाहरू सन् २०१७ को प्रारम्भवाट निर्माण शुरू हुनेछ । यस कम्पनीको इन्जिनियरिङ परामर्शका लागि हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि., विद्युत गृह समेतको मर्मत संभारका लागि बीपीसी सर्भिसेज लि., नयाँ जलविद्युत आयोजनाहरूमा लगानी गर्नका लागि अन्तराष्ट्रिय साझेदार इन्फ्राको एसियासंगको संयुक्त लगानीमा गुराँश इनर्जि लि. कम्पनीहरू सहायक तथा सम्बद्ध कम्पनीहरू रहेका छन् । कम्पनी आफैले अध्ययन गर्दै गरेका तथा उत्पादन अनुमतिपत्र लिने चरणमा रहेका १०० मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजना र ८.५ मेगावाट क्षमताको चिनोखोला जलविद्युत आयोजना रहेको छ ।

कम्पनीको २४औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न भएको यस सन्दर्भमा हामी कम्पनीको प्रगतिको लागि प्रत्यक्ष वा परोक्षरूपले योगदान दिने तथा सहयोग गर्ने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, नर्वे सरकारको विदेश मामिला मन्त्रालय, सेवाग्राही, ठेकेदारहरू, बैंकहरू, लेखापरीक्षकहरू तथा विभिन्न सम्बद्ध संस्थाहरू, शेयरधनीहरू तथा कम्पनीका कर्मचारीहरू सबैलाई कम्पनीको तर्फबाट हार्दिक धन्यबाद व्यक्त गर्दछ ।

धन्यवाद ।

मिति : २०७३ पौष ८